प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १२६ ॥ २०८२ असार ०१ गते आईतबार (15th June 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# दुई बुँदे सहमतिप्रति प्रचण्डले दिए यस्तो सफाई

झापा(प्रस)। भिजिट भिसा प्रकरणमा सत्तारुढ नेकपा एमालेसंग सुटुक्क सहमति गरेपछि व्यापक आलोचना खेपिरहेका पूर्व प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले दिएको सफाई चित्तबुझ्दो छैन । माओवादीप्रति जनताको विश्वास ह्वात्तै बढेको देखेर चौतर्फी घेराबन्दी भइरहेको रेडिमेड जवाफ प्रचण्डले दिएका छन् ।

भिजिट भिसाका नाममा भएको भनिएको मानव तस्करी प्रकरणमा गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने भन्दै माओवादीलगायतका प्रतिपक्षी दलहरूले गत जेठ १३ गतेदेखि संघीय संसद्को बैठक अवरुद्ध गर्दै आएका थिए । उक्त अवरोध खुलाउन भन्दै माओवादीले शुक्रबार एमालेसँग दुई बुँदे सहमति गरेको हो ।

उक्त सहमतिमा अख्तियारले छानबिनका लागि माग गरेबमोजिम नेपाल सरकारले आवश्यक सहयोग गर्ने र अध्यागमन र भिजिट भिसाको सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न नेपाल सरकारले आवश्यक अध्ययन एवं छानबिन गरी नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यवस्था गर्न ठोस पहल गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गर्ने उल्लेख छ । सो सहमति देश र जनताको बृहत्तर हितको निम्ति भएको प्रचण्डको तर्क छ । तर, आम सर्वसाधारण र स्वयम् माओवादी समर्थकहरूले उधारो सहमति, लज्जास्पद सहमति वा गर्नै नहुने सहमति भन्दै सामाजिक सञ्जालमा व्यापक असन्तुष्टि जनाइरहेका छन् । सहमतिपछि शुक्रबारदेखि संसद् चलेको छ भने प्रतिपक्षी दलहरु रास्वपा र राप्रपाले भने गृहमन्त्रीको राजीनामा आउनुपर्ने र छानबिन समिति निर्माण हुनुपर्ने मागलाई यथावत् राखेका छन् ।

शनिवार झापाको कमल गाउँपालिकामा आयोजित पाँच जातीय मोर्चाको संयुक्त राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले संसद अधिवेशन खुलाउनुको चार कारण रहेको दावी गरेका छन् ।

उनले दुई बुँदे सहमति गरेर संसद अधिवेशन खुलाउनु पर्ने कारणहरुमा शिक्षा विधेयक, नागरिकतासम्बन्धी



समस्या र शान्ति सम्झौतासँग सम्बन्धित केहि महत्वपूर्ण कुराहरुको टुंगो लगाउनु पर्ने रहेको बताए । सरकार बाहिर बस्न नसक्ने माओवादी पार्टीले सरकारमा जानकै लागि दुई बुँदै सहमति गरेको अड्कलवाजी गरिएकोमा उनले सरकार बनाउने कुरामा प्रवेश नै नगरेको दावी गरे ।

नेकपा माओवादी केन्द्रसम्बद्ध धिमाल राष्ट्रिय मुक्ति मोर्चा, कोचिला राष्ट्रिय मुक्ति मोर्चा, सन्थाल राष्ट्रिय मुक्ति मोर्चा , मेचे राष्ट्रिय मुक्ति मोर्चा र झाँगड मुक्ति मोर्चाका पाँच वटा जातीय मोर्चाहरुको संयुक्त राष्ट्रिय सम्मेलनको उद्घाटन सत्र कोचिला राष्ट्रिय मुक्ति मोर्चा नेपालकी अध्यक्ष ममता राजवंशीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा पूर्व प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, पूर्व सभामुख ओनसरी घर्ति मगर, केन्द्रीय उपमहासचिव हरिवोल गजुरेल, पूर्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदी, केन्द्रीय सदस्य झलकसिंह दर्लामी, प्रदेश नं. १ संसदीय दलका नेता इन्द्र आङ्बो, नेकपा माओवादी प्रदेश अध्यक्ष हर्क नेम्वाङ, झापा जिल्ला अध्यक्ष रञ्जित तामाङलगायतको उपस्थिति रहेको थियो । शनिवार नै विराटनगर विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा पत्रकारहरु कडा प्रश्न राखेपछि प्रचण्डले झर्को मानेका थिए । पत्रकारको सुरुकै प्रश्नबाट उनी चिढिएका थिए ।

पत्रकारको पहिलो प्रश्न थियो, 'प्रचण्डको एउटा पहिचान छ रे, ढाँट्दिने भनेर । अब रास्वपालाई छोड्दिएर स्वाट्टै संसद् खोल्दिनुभयो । हिजोसम्म राजीनामा नभइकन हुँदै हुँदैन त भन्नुहुन्थ्यो । के कुरामा चाहिँ सेटिङ भयो ? ।' यो प्रश्नमा प्रचण्डले अगाडि बढ्ने र पछि हट्ने खालका कदमहरु राजनीतिमा चालिने बताए ।

त्यहि बिचमा अर्को प्रश्न प्रचण्डलाई आइलाग्यो, 'यो मुद्दा अग्नि सापकोटासँग साट्नुभएको हो ? ।' त्यसपछि प्रचण्डले भने- 'यो बिल्कुल गलत कुरा । वाहियात कुरा हो । मानिसहरूले प्रचार गर्ने गर्या छन् । त्यस्तो केही नि होइन । यो कुरा र अग्निको कुनै साइनो सम्बन्ध छैन ।'

फेरि प्रचण्डलाई अर्को प्रश्न आयो, 'तपाईंलाई कांग्रेस एमालेले थाङ्नामा सुताएको कि आफैं सुत्नुभएको हो ?' जवाफ दिँदै प्रचण्डले भने, 'तपाईंहरुको बुझाइ सुतेको हो ।' प्रचण्डलाई अर्को प्रश्न पनि प्रहार भयो, ' जनार्दन शर्मालाई तपाईंले किन पार्टी छोड भन्नुभएको ? ।' जवाफमा प्रचण्डले भने, 'भनेकै छैन, त्यो बेकारको कुरा हो ।'

प्रचण्डलाई प्रश्नको वर्षा हुँदाहुँदै अन्य नेता तथा कार्यकर्ताले अब सकियो भनेपछि प्रश्नोत्तर सकियो । तर, प्रचण्डलाई दुई बुँदे सहमतिको विषयलाई लिएर पत्रकारले मात्रै प्रश्न गरिरहेका छैनन् । स्वयम् माओवादीका नेता तथा कार्यकर्ताले पनि प्रश्न गरेका छन् ।

## हेवा खोलामा बेलिब्रिज भत्किँदा ६ मजदुर घाइते



झापा(प्रस) । मेची राजमार्गस्थित हेंवा खोलामा निर्माणाधीन बेलिब्रिज भत्किएर खसेको छ । पुल खस्दा ६जना मजदुर गंभीर घाइते भएका छन् घाइते हुनेहरुमा बारा सिमरा १२ बस्ने २२ वर्षीय रूपलाल चौधरी (बाहिरी चोट नदेखिएको तत्काल अवस्था बोल्न नसक्ने गम्भीर), सोही ठाउँ बस्ने २७ वर्षीय राजन चौधरी ( पिठ्युँमा चोट ,अवस्था बोल्न नसक्ने गम्भीर), २२ वर्षीय राकेश चौधरी( बाहिरी चोट नदेखिएको, तत्काल अवस्था बोल्न नसक्ने गम्भीर , थप उपचारको लागि सुविधासम्पन्न अस्पताल झापातर्फ रेफर भएको ) , २५ वर्षीय भुलेश्वर चौधरी( दायाँ खुट्टा भाँच्चिएको ,तत्काल अवस्था बोल्न नसक्ने गम्भीर ),३५ वर्षीय प्रकाश चौधरी( टाउको र शरीरको विभिन्न भागमा चोट, तत्काल अवस्था बोल्न सक्ने मध्यम )र ३० वर्षीय अभिषेक चौधरी( टाउकोमा चोट, तत्काल अवस्था मध्यम) रहेका छन् ।

घाइते कामदारहरूलाई उद्धार गरी उपचारको लागि जिल्ला अस्पताल फिदिम लगिएको थियो । त्यहाँबाट केहीलाई झापातर्फ रेफर गरिएको जनाइएको छ । पहिलो पटक २०८० साल असार २ गते आएको बाढीले त्यहाँ लगाइएको पक्की पुल बगाएपछि बेलिब्रिज बनाइएको थियो । पुनः २०८१ असोज १२ गते सो बेलिब्रिज बगेपछि पुनः मोडुलर (बेलिब्रिज) बनाइँदै थियो । पुल के कारणले र कसरी खस्यो भन्ने खुल्न सकेको छैन ।

## स्कुटरमा पछाडि बसेकी श्रीमतीको मृत्यु भएपछि श्रीमान पक्राउ




झापा(प्रस) । मोरङमा स्कुटरमा पछाडि बसेकी श्रीमतीको मृत्यु भएपछि श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको रतुवामाई नगरपालिका-६ कादुपाडामा ५४ वर्षीय भवानीप्रसाद बस्नेतले चलाइरहेको स्कुटर दुर्घटना हुँदा पछाडि सवार उनकी श्रीमती ५६ वर्षीया बिष्णुकुमारी खड्काको मृत्यु भएको हो। आमबारी-उर्लाबारी सडकखण्डअन्तर्गत कादुपाडाबाट रंगेलीतर्फ जाँदै गरेको प्रदेश १-०२-०४९ प ७५५४ नम्बरको स्कुटरको टायर पड्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ। बिष्णुकुमारी घाइते भई उपचारका लागि नोबेल अस्पताल बिराटनगर लगिएको थियो ।

टाउकोमा चोट लागेर गंभीर अबस्थामा पुगेकी मिर्गौला रोगी बिष्णुकुमारीको उपचार हुन नसक्ने भन्ने चिकित्सकको सल्लाह अनुसार अस्पतालबाट घरमा ल्याएकोमा बिहान ५ बजे मृत्यु भएको हो । विष्णुकुमारीको मृत्युपछि श्रीमान भवानीप्रसादलाई इलाका प्रहरी कार्यालय सिजुवाले नियन्त्रणमा लिएको हो । रंगेली अस्पताल रंगेलीमा शवको पोस्टमार्टम गरी छोरा बिक्रम बस्नेतले शव बुझी लगेको प्रहरीले जनाएको छ ।

## इलाममा वडा कार्यालयको कार्यालय बोर्डमा आगजनी

झापा, जेठ ३१ । इलाम देउमाई नगरपालिका ५ नं. वडा कार्यालयको बोर्डमा आगजनी भएको छ। गएराति अज्ञात व्यक्तिहरुले वडा कार्यालयको बोर्ड निकाली कार्यालय भवनको ढोका अगाडी जलाएका हुन् । वडा अध्यक्ष तिलोकबहादुर हेन्जन तामाङले इलाका प्रहरी कार्यालय मंगलबारेमा आज बिहान जानकारी गराएपछि प्रहरी टोली खटिएर अनुसन्धान कार्य भइरहेको प्रहरीलेजन, उक्त स्थान इप्रका मंगलबारे बाट अं.८ की.मी. दक्षीण पर्ने अन्य वि.वि. पछी (०)

## खानेपानीआयोजनाको बिजुलीकोट्रान्सफर्मर चोरी



झापा(प्रस) । शिवसताक्षी नगरपालिका-१ धरमपुरमा रहेको स्व. नर बहादुर-तारादेवी थापा स्मृति खानेपानी तथा सरसफाई उपभोक्ता समितिको १०० केभीए क्षमताको ट्रान्सफर्मर चोरी भएको छ। शनिवार बिहानको राति खानेपानी टेङ्कीको कम्पाउण्डभित्र रहेको ११ हजार भोल्टको लाईनबाट जडान भएको १०० केभीएको ट्रान्सफर्मर चोरी भएको हो । शनिवार बिहान ६:३० बजे इलाका प्रहरी कार्यालय झिलझिलेमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली पुगेको थियो । ट्रान्सफर्मरको तार छुटाई भुइँमा झारी ट्रान्सफर्मरभित्र रहेको सम्पूर्ण सामान निकालेर लगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त ट्रान्सफर्मरको बाहिरी भाग र अन्य स-साना सामानहरू मात्र छोडेको देखिएको छ । चोरी गर्ने ब्यक्तिको खोजतलास तथा पहिचान गर्ने कार्य भइरहेको डीएसपी खगेन्द्र खड्काले बताए ।उक्त ट्रान्सफर्मरको मूल्य अन्दाजी ८ लाख पर्ने अनुमान गरिएको छ । ट्रान्सफर्मर चोरीसँगै आयोजनामार्फत सञ्चालित खानेपानी आपूर्ति अवरुद्ध हुँदा सयौं उपभोक्ता प्रभावित भएका छन्।

## माछा मार्ने क्रममा करेन्ट लागेर श्रीमान-श्रीमतीको

झापा(प्रस)। करेन्ट लगाएर माछा मार्ने क्रममा मोरङमा दम्पतीको मृत्यु भएको छ ।

सुन्दरहरैंचा नगरपालिका-७ का ५८ वर्षीय पूर्णबहादुर लिम्बू र उनकी पत्नी ५२ वर्षीया फूलमाया लिम्बूको मृत्यु भएको हो ।

मोरङ प्रहरीका अनुसार घरनजिकै सुन्दरहरैंचा-७ स्थित मदेली खोलाको पुलमुनि करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेर दुवै जनाको घटनास्थलमै मृत्यु भएको



हो ।

लिम्बूले माछा मार्नलाई बिजुलीको पोलबाट 'हुक' गरेर खोलामा करेन्ट प्रवाह गरेका थिए । प्रहरीका अनुसार करेन्ट लागेर दुवै जनाको बिहान ९:४० बजेतिर घटनास्थलमै मृत्यु भएको हो । शवलाई पोस्टमार्टमका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ ।

## सवारी दुर्घटना नियन्त्रण र उद्धारसम्बन्धी कृत्रिम अभ्यास

मेचीनगर । झापाको मेचीनगर–६ मा रहेको काँकरभिट्टा–सतिघट्टा रोडमा शनिबार विहानैदेखि जनपद र ट्राफिक प्रहरीको सवारी चेकजाँच निक्कै कडा थियो ।

पछिल्लो समय सवारी दुर्घटनाबाट हुने जनधनको क्षति कम गर्न अहिले प्रहरीले मुख्य राजमार्ग तथा गाउँघरतिरका साइड मार्गमा चेकजाँचलाई निक्कै कडा पारेको छ ।

त्यत्तिकैमा काँकरभिट्टातिरबाट सतिघट्टातर्फ एउटा मोटरसाइकल निक्कै तीब्रगतिमा आईरहेको थियो । जुन मोटरसाइकलमा विना हेल्मेट तीनजना युवा सवार थिए । मोटरसाइकल चालक बाटोमा प्रहरीको चेकजाँच देखेपछि आत्तिए । उनले मोटरसाइकलाई नियन्त्रणमा लिन सकेनन् । अन्ततःमोटरसाइकल अनियन्त्रित भएर दुघर्टना भयो । दुर्घटनामा त्यसमा सवार तीनैजना घाइते भए । चेकजाँच गरिरहेको प्रहरीले घटना देख्नेवित्तिकै कुदेर आएर घाइतेको उद्धार गर्दै सम्बन्धित ठाउँमा जानकारी गरायो ।


लगत्तै ट्राफिक प्रहरी नायव निरीक्षकको कमाण्डमा अन्य प्रहरी घटनास्थल आईपुग्यो । ट्राफिक प्रहरी नायव निरीक्षकले तत्काल जनपद प्रहरीलाई खवर गरे । प्रहरी निरीक्षकको कमाण्डमा थप बल घटनास्थल आयो । प्रहरी निरीक्षकले एम्बुलेन्स बोलाए । एम्बुलेन्स पनि केही समयपछि घटनास्थल आइपुग्यो । प्रहरीले ती घाइतेको तत्काले उद्धार गरेर उपचारका लागि अस्पताल पठायो ।

त्यसबेलासम्म घटनास्थलमा मानिसको निक्कै भीडभाड बढिसकेको थियो । प्रहरीले घटनास्थललाई आफ्नो नियन्त्रणमा लियो । प्रहरी कार्यालयको मुद्धा शाखाबाट आएका कर्मचारीले घटनाको मुचुल्का उठाउन थाले ।

❖ बाँकी अन्तिम पृष्ठमा

## अर्जुनधाराको स्वीमिङ पुलमा डुबेर एकजनाको मृत्यु

झापा(प्रस) । पौडी खेल्ने क्रममा अर्जुनधाराको स्वीमिङ पुलमा डुबेर एकजनाको मृत्यु भएको छ । शनिवार राति ८:३० बजे अर्जुनधारा वडा नं ६ माता मन्दिरनजिक रहेको सीएम स्वीमिङ पुलमा डुबेर काठमाण्डौ महानगरपालिका वडा नं १४ बाफल घर भई बिगत २ महिना अगाडीदेखि बिर्तामोड बसपार्कमा बस्दै



आएका ४० वर्षीय केशब पाठकको मृत्यु भएको हो ।

पौडी खेल्ने क्रममा डुबेर उनी सिकिस्त भएका थिए । उनलाई उद्धार गरी उनकै साथीहरुले उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याएकोमा डाक्टरले मृत घोषणा गरेका छन् । थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी अधिकृतको टोली खटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पछिल्लो २४ घण्टामा चट्याङ लागेर १८ जना घाइते

झापा । पछिल्लो २४ घण्टामा नेपालका विभिन्न क्षेत्रमा चट्याङ लागेर १८ जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार देशभरमा चट्याङबाट १८ जना घाइते भएका हुन् ।

संखुवासभा, मकवानपुर, स्याङ्जा, प्यूठान, अर्घाखाँची, रोल्पा, दाङ र सल्यानमा चट्याङका घटना भएका प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले बताए । उनका अनुसार रोल्पामा मात्रै आठजना घाइते भएका छन् । यहाँको बालकल्याण माविको प्राङ्गणमा चट्याङ पर्दा छ जना बालबालिका घाइते भएका थिए भने रोल्पाकै त्रिवेणी गाउँपालिकाको डाफ्लामा एक घरमा परेको चट्याङबाट दुई जना घाइते भएका हुन् । मकवानपुरको राक्सिराङमा दुई, प्यूठानको ऐरावती गाउँपालिकामा दुई, दाङको घोराही उपमहानगरपालिकामा दुईजना चट्याङबाट घाइते भएका केसीले जानकारी दिए । उनका अनुसार संखुवासभाको सिलिचोङ गाउँपालिका, स्याङ्जाको गल्याङ नगरपालिका, अर्घाखाँचीको मालारानी गाउँपालिका र सल्यानको त्रिवेणी गाउँपालिकामा चट्याङबाट एक/एकजना घाइते भएका छन् ।

यस्तै, लेक लागेर रसुवामा एक जना र आगलागी हुँदा रुपन्देहीमा दुईजना घाइते भएका प्राधिकरणले जनाएको छ । विभिन्न जिल्लामा ३० वटा विपद्का घटना भएका पनि प्राधिकरणका प्रवक्ता केसीले जानकारी दिनुभयो ।

# चट्याङले बाछी मर्यो , मानिस घाइते

झापा(प्रस) । शनिवार दिउँसो इलाममा परेको चट्याङले चौपाया मर्नुका साथै एकजना घाइते भएका छन् । दिउँसो २ बजे इलाम नगरपालिका



वडा नं .८ सिङफिलिङ टोल बस्ने सुमन राईको गोठमा अचानक चट्याङ पर्दा गोठमा रहेको एउटा बाछी मरेको हो । सोही चट्याङको झड्काले सुमन राईकी श्रीमती ३० वर्षीया जानुका फागो लिम्बू घाइते भएकी छन् । दुबै खुट्टा नचल्ने भई उनलाई जिल्ला अस्पताल इलाममा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएको छ । घटनाबारे जिल्ला प्रहरी कार्यालय इलाममा जानकारी गराउनसाथ प्रहरी निरीक्षक संजिव बोगटीको कमाण्डमा प्रहरी टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

त्यस्तै शनिवार दिउँसो १;३० बजे इलाम माईजोगमाई ५ सोयाङ बस्ने उमाकान्त चापागाईको घरमा जडान गरेको बिद्युतीय मिटर बक्स चट्याङले क्षतिग्रस्त भएको छ ।

बिद्युतीय मिटर बक्स पूर्णरुपमा र घरको छानोमा सामान्य क्षति पुगेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# आंशिक प्राध्यापकहरूले लगाए ताला

झापा(प्रस) ।त्रिभुवन विश्वविद्यालयका आंशिक प्राध्यापकहरूले उपकुलपति, रेक्टर, रजिष्ट्रार कार्यालय र सेवा आयोगमा ताला लगाएका छन् । सेवा आयोगले फास्ट ट्र्याकमार्फत प्रोफेसर नियुक्तिका लागि विज्ञापन आह्वान गरेपछि आंशिक प्राध्यापकहरूले ताला लगाएका हुन् ।

आंशिक प्राध्यापक केन्द्रीय संघर्ष समितिले ६ बुँदे माग अघि सारेर ताला लगाइएको अध्यक्ष गोकुल लिम्बूले जानकारी दिए ।

त्रिविले अनुसन्धनात्मक विशिष्टको आधारमा १३० जना प्रोफेसर नियुक्तिका लागि गरिएको विज्ञापन खारेज गर्नुपर्ने माग गरेका छन् ।

बिस वर्षदेखि आंशिक प्राध्यापकले विश्वविद्यालयको कूल कक्षाभारको लगभग ७० प्रतिशत कक्षाभार लिई निरन्तर योगदान गरिरहेको समितिको भनाइ छ । त्रिविका देशभरका आङ्गिक क्याम्पस तथा केन्द्रीय विभागहरूमा गरी दुई हजार २०० को हाराहारीमा कार्यरत छन् ।



विश्वविद्यालय जस्तो प्राज्ञिक ठाउँमा आंशिक प्राध्यापकहरू आफूमाथि भएको अन्याय, विभेद, असमानता (ज्यालामा) का साथै बौद्धिक श्रम शोषणको विरुद्धमा विभिन्न समयमा विभिन्न चरणमा आन्दोलन गर्दै आएको समितिले जनाएको छ ।

आंशिक प्राध्यापक र विश्वविद्यालयबिच २०८१ साउन १८ गते सहमति भई २०८१ साउन २३ गतको त्रिवि कार्यकारी परिषद्ले रिक्त दरबन्दीमा करार गर्ने निर्णय गरेको थियो । तर, ११ महिना बितिसक्दासम्म पनि निर्णय कार्यान्वयन नगरेर आंशिक प्राध्यापकहरूमाथि अन्याय गरिरहेको समितिको ठहर छ ।

त्रिवि नियम तथा हालसम्म अभ्यासमा नै नभएको फास्ट ट्र्याकको नाममा १०० जना आफ्ना नातागोता तथा आफन्तहरूलाई उपप्राध्यापक बनाई त्रिविमा भित्र्याउने षडयन्त्र भइरहेको समितिको दाबी छ । त्रिविले भने फास्ट ट्र्याकमार्फत विश्वव्यापी मान्यता अनुसार नै प्रोफेसर नियुक्त गर्न लागिएको जनाएको छ । त्यसका लागि त्रिविले कार्यविधि बनाएर आवेदन आह्वान गरेको थियो ।

# इलाममा कुकुरले टोक्ने क्रम बढ्दो



झापा(प्रस) ।पछिल्लो समय इलाममा कुकुरले टोकेका बिरामीको संख्या बढ्न थालेको छ ।

दिनहुँ जसो सदरमुकामस्थित इलाम अस्पतालमा कुकुरले टोकेका बिरामी उपचारका लागि आउने गरेका छन् ।

हरेक महिनाको तथ्याङ्कलाई हेर्दा कुकुरले टोकेका बिरामीको संख्यामा उल्लेख्य वृद्धि भएको पाइएको छ । तीमध्ये बालबालिकाको संख्या बढी रहेको छ । जेठ २५ सम्ममा ३० जनाले रेबिजविरुद्धको खोप लगाएको अस्पतालले जनाएको छ ।

चालु आर्थिक वर्षको हालसम्ममा ६४९ जनालाई कुकुरले टोकेको छ । यसमध्ये बालबालिकाको संख्या २७० रहेको छ । विद्यालय आउँदाजाँदा अथवा बाटो हिँड्दा कुकुरलाई जिस्काउने, घरमै पनि कुकुरसँग बालबालिका बढी खेल्ने भएकाले उनीहरूलाई कुकुरले टोकेको पाइएको हो ।

बजारमा रहेका छाडा कुकुरले टोकेका पनि धेरै बिरामी आउने गरेको इलाम अस्पतालको इमर्जेन्सी इन्चार्ज टीका लुइटेल बताउँछिन् । "रेबिजविरुद्धको सुईबाहेक अन्य कुनै उपचार हुँदैन, त्यही कारणले पनि सुई लगाउन आउनेको संख्या धेरै छ," इन्चार्ज लुइटेलले भनिन्, "तर कुनै समयमा अस्पतालमा खोप अभाव हुने गरेको छ । कति बिरामीले बाहिरबाट रेबिजविरुद्धको खोप किनेर ल्याउनुहुन्छ र लगाइदिन्छौँ ।" लुइटेलले दैनिक सरदर दुई जना बिरामी आउने गरेको बताइन् ।

"कुकुरले टोक्नु सामान्य जस्तो लाग्छ तर यो खतरनाक हो, स्वस्थ कुकुर नै किन नहोस्, दाँत गाडिसकेपछि रेबिजविरुद्धको खोप लगाउनै पर्छ," लुइटेलले भनिन्, "कुकुरले टोकिहाले हेलचेक्र्याइँ गर्न हुँदैन, मानिसमा रेबिज रोगको खतरा हुन सक्छ ।"


अस्पतालमा वार्षिक दुई सय थान मात्र रेबिजविरुद्धको सुई आउने गरेको छ तर सुईको भाइल खोल्दा सुई लगाउन आउनेको संख्या कम भयो र निश्चित समयभित्र अन्य बिरामी आएनन् भने त्यो सुई नष्ट हुने गरेको छ ।

कुकुरले टोक्यो भने सुरुमा साबुन पानीले टोकेको भागलाई राम्ररी धुन र सकेसम्म चाँडो स्वास्थ्य संस्थामा जानुपर्ने स्वास्थ्यकर्मी लुइटेलको भनाइ छ ।

# गुणस्तरहीन रेगुलेटर बिक्रीमा रोक

झापा(प्रस) ।नेपाल गुणस्तर तथा नापतौल विभागले खाना पकाउने एलपी ग्यासको सिलिन्डरमा प्रयोग गरिने एलपिजी रेगुलेटर मापदण्डविपरीतको भेटिएपछि बिक्रीमा रोक लगाएको छ ।

विभागले आमनागरिकको जीवन सुरक्षासँग जोडिएका खाना पकाउने एलपी ग्यासको सिलिन्डरमा प्रयोग गरिने रेगुलेटर सरकारले तोकेको मापदण्डविपरीत बिक्री गर्नु अपराध भनेको छ तर काठमाडौँको महाबौद्धमा रहेको महाराजा ट्रेडर्सले नमुना पिसका नाममा गुणस्तर चिह्न (एनएस) नलिएका रेगुलेटर



बिक्री गरेको पाइएको छ ।

कानुन अनुसार खाना पकाउने एलपी ग्यास सिलिन्डरमा प्रयोग गरिने एलपिजी रेगुलेटरमा नेपाल गुणस्तर चिह्न (एनएस) ५३० बमोजिम अनिवार्य इजाजत लिएको हुनु पर्छ । जस अनुसार तोकिएको मापदण्ड पूरा गरेर उत्पादन गरिएको रेगुलेटर मात्र आयात तथा बेचबिखन गर्न सकिने कानुनी व्यवस्था छ ।

विभागका निर्देशक एवं प्रवक्ता प्रभातकुमार सिंहले विभागले सम्पूर्ण आयातकर्ता, उत्पादनकर्ता, विक्रेतामा प्रज्वलनशील वस्तु एलपी ग्यासमा प्रयोग हुने रेगुलेटरको गुणस्तरमा ध्यान दिन सचेत गराए ।

उनले सर्वसाधारणमा पनि एनएस चिह्न अङ्कित नभएका एलपिजी रेगुलेटर खरिद नगर्नसमेत सम्पूर्ण आयातकर्ता, उत्पादनकर्ता तथा विक्रेतालाई आग्रह गरे ।

नेपाल गुणस्तर (प्रमाणपत्र चिह्न) ऐन २०३७ बमोजिम सर्वसाधारण नागरिकको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै सरकारले घरमा खाना पकाउने एलपी ग्यास सिलिन्डरमा प्रयोग गरिने एलपिजी रेगुलेटरमा नेपाल गुणस्तर ५३० बमोजिम अनिवार्य इजाजत लिई सोको मापदण्ड पूरा गरेर उत्पादन गरी नेपाल गुणस्तर प्रमाणपत्र चिह्न प्रयोग गर्न आग्रह गरेको छ ।

# कोदोको परिकार उत्पादन र प्याकेजिङ तालिम

झापा(प्रस) ।हलेसी तुवाचुङ नगरपालिकाले कक्षा-१२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई कोदोको बिस्कुट उत्पादन, 'ब्राण्डिङ' र 'प्याकेजिङ'सम्बन्धी तालिम दिएको छ ।

नगरपालिकाको रैथाने बाली कोदोखेतीलाई प्रवर्द्धन गर्दै स्थानीय युवा पुस्तालाई आफ्नै ठाउँमा स्वरोजगार बनाउने उद्देश्यले कक्षा-१२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई सहभागी गराएर नगरपालिकाले तालिम दिएको हो ।

'कोदोको परिकार, स्वास्थ्यको सुरक्षा र आम्दानीको आधार' भन्ने नारासहित वडा नं ७ महादेवस्थानस्थित वडा कार्यालयमा आयोजना गरिएको सात दिने तालिम औपचारिकरुपमा समापन गरिएको छ । एकजना स्थानीय महिला उद्यमी तथा १२ जना विद्यार्थीको सहभागिता रहेको



तालिममा सहभागी प्रशिक्षार्थीले उत्पादन गरेका कोदोको बिस्कुट, कुकिज, निम्की, पाउरोटी, मफिन र दुनोट प्याकेजिङ गरेर समापन कार्यक्रममा प्रदर्शन गरिएको थियो । तालिममा सहभागीले बनाएका कोदोका परिकार त्रिधार्मिकस्थल हलेसी बजारमा सञ्चालन गरिएको कोसेली घरमा राखेर बिक्री गर्ने र हलेसी आउने पाहुनालाई उपहारस्वरुप प्रदान गर्ने योजनाका साथ तालिमको आयोजना गरिएको हलेसी तुवाचुङ नगरपालिकाका-७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए ।

"त्रिधार्मिकस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले कोसेलीको रुपमा लैजानका लागि यहाँको उत्पादन खोज्ने गरेका छन् । कोदोको परिकारलाई यहाँको प्रमुख उत्पादनका रुपमा ब्राण्डिङ गर्नेगरी तालिमको आयोजना गरिएको हो", उनले भने, "तालिममा सहभागीले व्यावसायिक रुपमा उत्पादन गरेका कोदोका परिकार नगरपालिकाको तर्फबाट खरिद गरिदिन्छौँ । खरिद गरिएको परिकार कोसेली घरमा राखेर उपहारस्वरुप पाहुनाहरूलाई वितरण गर्ने योजना बनाएका छौँ ।"

# बेच्न ल्याएको गोरू अज्ञात व्यक्तिले काटे

झापा(प्रस)। इलाममा बेच्न ल्याएको गोरु अज्ञात व्यक्तिले काटेका छन् ।

इलाम देउमाई -३ गाग्रेभञ्ज्याङमा माईजोगमाई ५ बस्ने ४९ वर्षीय भिमबहादुर बराईली र सूर्योदय २ बस्ने ३१ वर्षीय सितुक भोटियाले शुक्रवार गोरु बेच्न ल्याएका थिए । उनीहरुले बनपाला बस्ने निरबहादुर तामाङको जग्गामा गोरु बाँधेर राखेका थिए । शनिवार दिउँसो अज्ञात ब्यक्तिले सोही कालो सेतो रंगको गोरुलाई खोल्सीमा लगेर काटेका हुन् । घटनास्थलबाट गोरुको खुट्टा, पुच्छर र बाम्फोक फेला परेको छ । घटनास्थलको मुचुल्का गरी बरामद भएको गोरुको खुट्टा र पुच्छर भेटेरिनरी तथा पशु सेवा बिज्ञ केन्द्र इलाम पठाइएको छ । गोरु काट्ने मानिसहरुको पहिचान तथा खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

## सवारी ...

स्थानीयवासी र पत्रकारले घटनाका बारेमा प्रहरीलाई सोध्न थाले । प्रहरीले घटनाका बारेमा विस्तृत सुनाउँदैं गए । घाइतेका आफन्तहरुको रुवाबासी चल्यो । त्यही समयमा उक्त सडकमा आवत जावत गर्ने यात्रुहरु भने विच बाटोमै रोकिएर त्यहाँको दृश्य नजिकबाट नियालिरहेका थिए । यात्रुहरुलाई भने साँच्चै नै ठूलै घटना घटेछ भन्ने भान भयो । घटनामा देखाइएजस्तै न त त्यहाँ मोटरसाइकल दुर्घटना भएको थियो, नत कोही घाइते बनेका थिए नत कसैलाई अस्पताल नै पुर्‍याइएको थियो ।

यो एउटा काल्पनिक घटनामात्र थियो । सडकमा हुने सवारी दुर्घटनामा कसरी उद्धार गर्ने भन्ने विषयमा मेचीनगरमा जनपद र ट्राफिक प्रहरीले सवारी दुर्घटनामा परेका घाइतेको उद्धार कार्यको लागि कृत्रिम अभ्यास गरेको हो । सवारी दुर्घटनाबाट हुने क्षति कम गर्न र दुर्घटनामा परेका घाइतेको तत्काल उद्धार के कसरी गर्न सकिन्छ भनेर उक्त कृत्रिम अभ्यासको माध्यमवाट नागरिकलाई डेमो प्रदर्शन गरेको हो ।

जनपद र ट्राफिक प्रहरीको टोलीले सवारीका घटनामा परेकाहरुलाई कसरी उद्धार गर्ने भन्ने विषयमा कृत्रिम अभ्यासको माध्यमवाट नागरिकलाई डेमो प्रदर्शन गरिएको अस्थायी ट्राफिक प्रहरी पोस्ट काँकरट्टिाका प्रमुख ट्राफिक प्रहरी नायव निरीक्षक पूर्ण गौतमले जानकारी दिए ।

कृत्रिम अभ्यासमा मोटरसाइकलमा सवार ती युवा अचानक दुर्घटनामा परेपछि सख्त घाईते बनेको दृश्य देखाईएको थियो । घटनाको जानकारी पाएपछि जनपद र ट्राफिक प्रहरीको टोली तत्काल उद्धार कार्यमा जुटेको थियो । घटनास्थलमा घाइतेको उद्धारका लागि सुरक्षा निकाय र स्थानीयवासी खटिएका थिए । घाइतेलाई घटनास्थलबाट उद्धार गरी मेचीनगर नगरपालिकाको एम्बुलेन्समा राखेर अस्पतालतर्फ लगिएको थियो ।

धेरै समयपछि सडकमा आवतजावत गर्नेहरु र स्थानीवासीहरुले बल्ल थाहा पाए यो त कृत्रिम अभ्यास गरेको रहेछ भन्ने । प्रहरीले सवारी दुर्घटना भएको अबस्थामा विपदको पूर्वतयारी कसरी गर्न सकिन्छ भन्ने विषयमा विपद प्रतिकार्य सम्बन्धि कृत्रिम अभ्यास गरेको हो ।

'दुर्घटना बाजा बजाएर आउँदैन, दुर्घटनाबाट आफू पनि बचौँ, अरुलाई पनि बचाऔं' डेमो प्रदर्शनमा रहेका इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी निरीक्षक वीरेन्द्र कोइरालाले भने । घटनाका बेला सबैभन्दा पहिले पुग्ने स्थानीयवासीलाई खोज तथा उद्धारसम्बन्धी सीप दिन आवश्यक भएको प्रहरी निरीक्षक कोइरालाको भनाई छ । दुर्घटना जतिखेर पनि हुन सक्ने भएकाले बेलैमा सवारी नियम पालना गर्नुपर्ने ट्राफिक प्रहरी नायव निरीक्षक पूर्ण गौतमले बताए ।


**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-४, झापा

**ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना**
दोस्रो पटक प्रकाशित मिति २०८२/०३/१

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। २०८२/०१/२२ गतेका दिन प्रथम पटक सूचनामा ३५ दिने सूचना प्रकाशित भएता पनि त्यस सूचनालाई बेवास्ता गरेको पाइएकोमा पुनः १५ दिने सूचना प्रकाशित गरिएकाले प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै-दस्तुर रकम समेत चुक्ता गर्नुहुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा तपशिलका ऋणी या सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको विवरणः | धितो जमानत धनजमानीको विवरण |
|---|---|
| ऋणीको नामः बिरेन्द्र उदास | नामः बोरिस उदास |
| बाबुको नामः डिल्लीराम उदास | बाबुको नामः बिरेन्द्र उदास |
| बाजेको नामः गंगा बहादुर उदास | बाजेको नामः डिल्लीराम उदास |
| ना.प्र.नं.: ०४-०१-७३-०२२५३ | ना.प्र.नं.: ०४-०१-६९-०९१०० |
| जारी मितिः ०७३/०२/१७ | जारी मितिः २०६९/०८/१२ |
| ठेगाना स्थाईः बिर्तामोड ०७, झापा | ठेगाना स्थाई : अनारमनी ४ |
| ठेगाना हालः बिर्तामोड ०४, झापा | ठेगाना हालः अनारमनी ४ |

**धितोको विवरणः**
जग्गाधनीको नामः बिरेन्द्र उदास
बाबुको नामः डिल्लीराम उदास
बाजेको नामः गंगाबहादुर उदास
ठेगानाः अनारमनी १, झापा
सिट नं. १/१७९०१२०, १/१७९०१२०
कि.नं. ३४२ र १७८
क्षेत्रफलः ८४.६८ र ६७७.२६ वर्गमिटर

**नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.** बिर्तामोड-४, झापा,
फोन नं. ०२३-५३३०५६


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## घर छोड !

• मणिराम भट्टराई

बाहिर निस्किनेले नै हो
थाहा पाउने
घाम कति चर्किएछ भनी
बारिस कति गहन ओइरिएछ भनी
अब आमाको काखबाट उठेर हिँड
बाउको ताँते हात छोडेर हिँड
संघर्षले तिमीलाई खुला हात कुरिरहेको छ
असली जिन्दगीले तिम्रै पर्खाइ गरिरहेको छ

हिँड्दा थोरै ठेसिएनौ भने
ढुंगाको अस्तित्व कहिले देख्ने छैनौ
हिँड्दा अलिकति लडखडाएनौ भने
यात्राको अस्तित्व कहिले बुझ्ने छैनौ
केही दिन रुँदा पनि फरक पर्दैन
नत्र आँसुको अस्तित्व कहिल्यै बुझ्नै छैनौ
हावा हुरी र जिन्दगीको सामना गर्न
थोरै कठोर नि हुनै पर्छ
थोरै पत्थर नि चपाउनै पर्छ
जिन्दगीको डरले घरभित्रै तिमी हरायौ भने
चार भित्तामै तिमी थुनियौ भने
फेरि कहिल्यै सिक्ने छैनौ
संघर्षको पाठ
कहिल्यै पाउने छैनौ
संघर्षपछि सफलताको स्वाद

सिद्धार्थले घर छोडे तब न बुद्धत्व प्राप्त हुन्छ
फोटोनले सूर्यलाई छोडी हिँड्छ
र त पृथ्वी उज्यालो बनाइदिन्छ
बिरुवाले जब स्वतन्त्र छोड्छ आफ्नो जरा
तब गएर ऊ रुख बन्छ
नदीले घर छोडेर बगिरहन्छ
प्रकृतिको चक्र मिलाइरहन्छ
इलेक्ट्रोनले आफ्नो यात्रा गरिरहन्छ
विद्युत चक्र मिलाइरहन्छ

माकुराको बच्चाले माकुराकै पेट फुटाउँछ
फैलिएर बाँच्न
भुसिलकिराले आफ्नै छाला उप्काइ हिँड्छ
पुतली भएर उड्न
बिउको भित्ता फुटाएरै
अंकुराउँछ बिरुवा भोलि रुख बनेर ठडिन
त्यसैले भत्काऊ
तिमी पनि त्यो घरको चार भित्ता
फैलिएर बाँच्न चाहन्छौ भने
एक चोटि गुँड छोडेर हिँड
एक चोटि घर छोडेर हिँड
पङ्ख भर सपनाको
सुवास छर आफ्नो क्षमताको
तिमी त ऊर्जै ऊर्जाको धनी छौ
कन्भर्ट गरेर हेर
आफ्नो पोटेन्सियल इनर्जीलाई
काइनेटिक इनर्जीमा।

गजल

## बानी रैछ


• लीलाराज दाहाल

पिठो दिई चामल साट्ने तिम्रै बानी रैछ
चाप्लुसीको डोरी बाट्ने तिम्रै बानी रैछ !

अघि पर्दा चाकरीको तेल लगाउँछौ
पछिल्तिर कुरा काट्ने तिम्रै बानी रैछ !

स्वार्थ पूरा हुँदासम्म नजिकिए पनि
बासी दुधजस्तै फाट्ने तिम्रै बानी रैछ !

तिमी कस्ता छौ भनेर बल्ल थाहा भयो
मीठो भेटे जुठो चाट्ने तिम्रै बानी रैछ !

तराजुमा जोखेर नै बेच्छौ इमान पनि
रुपैयाँमा आत्मा साट्ने तिम्रै बानी रैछ !

## झोले हुन पाउँ (व्यंङ्ग लेख)


• शालिक भट्टराई "अन्तरे"

आरुबोटे काका आत्तिदै मेरो घर आउनुभो । स्वाँ स्वाँ गर्दै निक्कै हतारिंदै कपाल कन्याउँदै भन्नुभो- लौ अन्तरे मेरो एउटा निवेदन लेखिदेऊ । पाटीमा चढाउनु परो । अब यो पाटीहरुमा झोला नबोकी यो मुलुकमा केहि काम कुरा नबन्ने पक्का ठहर गरें । तिमीले निवेदन-पत्र लेखिदेउला भन्ने आशा लिएर आएको छु ।आफू त पढ्ने बेलामा गोठाला/खेताला गर्दै समय बित्यो । काला अक्षर भैसी बराबर भो । अहिले आएर एसो लख काटियो स्वतन्त्र बसेर काम रैनछ । कुनै न कुनै पाटीको झोले हुनै पर्ने रहेछ । तव मात्रै यताउती गर्न पाइने रहेछ । राजनीतिले त गालिसकेछ नि अन्तरे...। त्यसैले मलाई नि झोले हुने औडाहा जाग्यो । काकाले लामो सुस्केरा हाले...।

बुढेसकालमा पाटीमा कुदेर के गर्न खोज्नु भएको भन्दै, काकालाई अलि झपारे पनि । झोले बन्न पनि कहिँ निवेदन चढाउनु पर्छ र काका ? तपाईलाई मन परेको पाटीको एसो कुरा सुन्ने कार्यक्रमहरुमा सहभागी हुने चुनाव आएपछि मन परेको पाटीको चुनाव चिन्हमा भोटहाले भैहाल्यो नि । किन झोले नै बन्नु पर्यो त....? काकाले जिद्दि गरिनै रहनु भयो । उहाँको जिद्दिका अगाडि मेरो केहि चलेन...। काका कुन पाटीलाई यो निवेदन लेख्ने हो त... ? काकाले भन्दै जानुभो सप्पै पाटीलाई लेख्ने... । लास्टमा कुन मनपर्छ कुन चै ले बोलाउँछ, तेसैको झोले बन्ने हो । काका लगभग प्रष्ट हुनुहुन्थ्यो । उहाँले जे जे भन्नुभयो मैले लेख्दै गएँ.....।

बिषय- झोले कार्यकर्ता हुन पाउँ ।

श्रीमान सभापति/अध्यक्ष, (बा, दाजु, भाउजु) ज्यू

पाटीहरु क्रमशः- एमाले, माओवादी, जसपा, मजदुर किसान, विप्लव, मालेमा, नेपाली काँग्रेस/ प्रजातान्त्रिक काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पाटी, प्रजातन्त्रवादी, राजावादी, हिन्दुवादी, अतिवादी, मधेशी मोर्चा, तमलोपा/लोसपा/सद्भावना राष्ट्रिय स्वतन्त्र पाटी, अन्य सबै साना राजनीतिक दलहरु क्रमशः- चिन, रुस, कोरिया, पेरु, कम्बोडिया, लखनउ, पटना, नक्सलवाद, युरोपियन युनियन आदि देशहरुको कार्यक्षेत्र- नेपाल देश ।

महाशय, हिजो आज राजनीतिमा लाग्नेले झोले हुनै पर्ने रैछ भन्ने सुन्या हुँ...। झोले भैयो भने धेरैतिरबाट फैदै-फैदा पनि हुन्छ अरे । जे भएनि तपाईको पाटीमा झोले कार्यकर्ता बन्नु परो सभापति/अध्यक्ष, (बा, दाजु, भाउजु) ज्यू । मैले राजनीतिका धेरै उतार चढाव झेलेको/भोगेको छु । त्यसैले झोले बन्ने मेरो योग्यता पुग्छ भन्ने मलाई लाग्छ । म राजनीति बुझेकै मान्छेमा पर्छु । अहिले मेरो उमेर पचहत्तर बर्ष पुगेको युवा कार्यकर्ता हुँ ।

बा, दाजु, भाउजु. मैले बि.सं. २०३६ साल. २०४६ साल ०६२/०६३ सालहरुमा भएका आन्दोलनको अनुभव सँगालेको छु । ती सप्पै आन्दोलनमा कुनै न कुनै भूमिकामा म पनि सहभागी भएकै हुँ । बिपीको समाजवादको सिद्धान्तका कुरा सुनिनँ कि..? माओको माओवादको कथा सुनिनँ कि..? मार्क्सवाद लेलिनवाद र मालेमावादको उसै जानकार हुँ । ती कुरा बुझाउन उ बेला, हाम्रा घर-घरमा गीत गाउँदै आएका जेबी टुहुरेहरु रामेश/रायनहरुले सिकाएकै हुन् । गाउँ-गाउँबाट उठ, बस्ती बस्तीबाट उठ भन्दै हामीलाई जुरुक्क जुरुक्क पारेकै हुन् । पछि मधेश आन्दोलनमा मधेशको राजनीति र मधेशी नागरिकले भोगेका पीडादायी कथा व्यथा पनि सप्पै थाहा पाइयो। चारुमजुमदारको सिद्धान्तले २०२८ सालमा झापामा नेता/सामन्तको टाउको कट्टा आन्दोलन पनि देखेकै हो । अहिले नेपालको पछिल्लो अवस्थामा झोले राजनीति फस्टाएकोले तेसमा आफू किन नहोमिने त ? मेरो अभिलासा तेति नै हो । आफैले ती घटनाहरु भोगियो सप्पै थाहा पनि छ अनि किन पर बस्ने ? तेसैले झोले हुन पाउँ ।

बा, दाजु, भाउजु, म धरोधर्म भन्छु ....मैले पनि आन्दोलनका बेलामा काठमाण्डौ रत्नपार्कका सडकका रेलिङ्ग भाँच्न सघाएकै हो । आन्दोलनकै निहुँमा सिंहदरवारमा ढुङ्गा हानेको अनुभव पनि छ । सडकजाम , चक्काजाम त सामान्य कुरा भैहाल्यो । सवारी साधनमा तोडफोड गर्ने आगो लगाएको सप्पै अनुभव छ । कालोपट्टी बाँधेर धर्ना बस्ने काम पनि गरेकै हो । उ बेला, केटाहरु उक्साएर पुलिस कुट्नेदेखि सबै काम फत्ते गरियो । तर झोले हुन जानिएन हजुर...। अब झोले हुन पाउँ ।

महाभारतमा कर्णले भन्नुभएको छ कि तपाई जतिसुकै बलवान भएतापनि गलत मान्छेको साथ हुनुहुन्छ भने तपाईको बिद्या, अस्त्र, शस्त्र, शक्ति र वरदान सबै निश्फल भएर जान्छ । त्यसैले हजुरहरुको संगत मलाई एकदमै जरुरत छ । म भनेको एउटा निश्कलंक र चरित्रवान कार्यकर्ता भएकोले झोले हुने योग्यता पुगेको जानकारी गराउन चाहन्छु ।

महाशय, नेपाल देशको यो गाउँमा म लगभग अब एक्लै भएँ ।गाउँ लगभग खाली भयो । खेतबारीहरु बञ्जरमा परिणत भए । बाँदर/मृग/भालु/बँदेलहरु हाम्रो घरको करौंसोमा आएर बास बस्छन् । हाटबजार लाग्दा मानिसको चहलपहल घटेको छ । विद्यालयमा विद्यार्थीको संख्या घटेको छ ।मेलापात गर्ने छरछिमेकी लगभग शून्य बराबर भएको छ ।मोटरेवल सडक निर्माणका नाममा डोजर चलाउँदा पानीका मुहानहरु सुकेर सुख्खा भएको छ ।हाम्रो गाउँमा नानीहरु रोएको नसुनेको निक्कै भयो बरु स्याल र फ्याउँरोहरु दिउँसै कराउँछन् । कतिबेला आफैलाई निमोठेर आहार बनाउने हो कि भन्ने चिन्ताले मनमा ढुक-ढुक हान्छ । कहिलेकाँही अरु-अरु पाटीका झोले कार्यकर्ता यताउता फुइ लगाउँदै उता खोल्सीतिरको बाटो हिड्छन् । तिनको फुइ देखेर मलाई नि झोले हुने औडाहा जागिसक्यो । सभापति/अध्यक्ष ज्यू अहिलेको गाउँको यथार्थ अवस्थाको बारेमा दुईलाइन कविता सुनिदिनु होला.....

"बस्दैनन् घरमा युवा र युवती सारा विदेशी भए
पेशा छैन न मिल्छ जागिर यहाँ यै वाध्यताले गए
हाम्रा गाउँहरु ती सबै बदलिइ भै आज बृद्धाश्रम
जन्ती छैन बिहे हुँदा घरमा मर्दा मलामी न त ।"

अब भन्नुस् त...? मेरा आफ्नै छोरा छोरी खाडी र पश्चिमा मुलुकतिर विदेशिए । आफू खेतबारी खन्न पनि सक्दिनँ । दुईचार माउ बाख्रा पालेर जिविका गरेको थिएँ । अब ती पनि बिक्री हुन छाडे । बरु झोले भएर शहर बस्ने रहर जो जाग्यो । बरु उतै हजुरहरुको शहरमा आएर पाटीको र हजुरहरुकै सेवा गर्छु । जो मर्जी हजुर ।

म आउँदा चाकरी के कसरी गर्ने हो सो कुरा पुरापुर जान्ने भएर आउँछु । चम्चा चलाउन जान्ने भएर कोशेलीसहित आउँछु । खोलाको गिट्टी बालुवाको ठेक्कापट्टा हाम्रो पाटीको कुन झोलेलाई दिँदा फैदा हुन्छ भन्ने कुराको विवरण लिएर आउँछु । गाउँको वन उपभोक्ता समिति, सहकारी संस्थाको नेतृत्व, निर्माण उपभोक्ता समिति, खानेपानी समिति, टोल विकास संस्था, शिवालय मन्दिर, भजन समूह, आमा समूह, मेडिकल व्यवसायी एशोसिएसन, वार एशोसिएसन, खुद्रा व्यापारी संस्था, थोक बिक्रेता संघ/संस्था, सामाग्री ओसार-पसार संस्था, सरकारी कार्यालय, आदिमा हाम्रो कुन झोले कार्यकर्तालाई जिम्मा दियो भने कुरो मिल्छ ? भन्ने विवरण बोकेरै आउँछु । विद्यालय र कलेजका युनियनहरुमा, शिक्षक संघ/संगठन/ मञ्च/मोर्चा आदि जिम्मा पाउने झोलेको विवरण लिएर आउँछु ।

म हजुरको पाटीको झोले कार्यकर्ता भएपछि म माथिका पाटीका सबै पदाधिकारी र आफूभन्दा माथिल्लो तह र पदका सबैको भलो चिताइ कामकाज अगाडि बढाउने छु । त्यसपछि आफू आवद्ध पाटीका तल-माथि दुबैतिरका साथीहरुले खाएको राम्रो, हेरेको राम्रो, लाएको राम्रो, बोलेको राम्रो, हिडेको राम्रो, मातेको राम्रो, छादेको राम्रो, चोरेको राम्रो, सोरेको राम्रो, फोरेको राम्रो, सिङ्गिएको राम्रो, बिग्रिएको राम्रो सबै कुरा राम्रै राम्रो देख्नेछु । आफूभन्दा सिनियर नेता कार्यकर्ता आफ्नो गाउँठाउँमा आउँदा सबैभन्दा पहिले खादामाला लिएर स्वागत गर्न पुग्नेछु ।ती नेता कार्यकर्ताले जे जे भने पनि मलाई राम्रो स्वाद लागिहाल्छ तब म हस् हस् हजुर भनेर पाटीका निर्णय बिनाशर्त शतप्रतिशत मानेर कार्यान्वयन गर्नेछु । किन कसरी हुन्न हुँदैन भन्ने खालको मबाट प्रतिप्रश्न वा सवाल जवाफको कुनै गुन्जाइस रहने छैन भन्ने प्रतिबद्धता यसै निवेदनमार्फत जाहेर समेत गर्दछु ।


अन्य प्रतिपक्षी राजनीति दल र तिनका नेताले जतिसुकै राम्रो विचार वा निर्णय गरे पनि नराम्रो मात्रै देख्ने बुझ्ने छु । तिनका हरेक बोली बचनलाई नराम्रो भनी दुत्कार्ने चेत ममा खुल्ने छ । त्यसपछि विपक्षी साथीहरु त्यसै नराम्रो उसै नराम्रो हुनेछन् । उनीहरुका घर-परिवार छोरा-छोरीहरु सबै नराम्रा मात्रै देख्नेछु । विपक्षीको व्यवहार नराम्रो देख्न मेरा आँखाहरु अनायासै तयार हुनेछन् । बोलेको बोली पनि नराम्रो, फटाहा जस्तो मात्रै देखिन ममा चेत पलाउने छ । तब म हजुरको असली झोले कार्यकर्तामा दरिनेछु । हजुरको विश्वास जित्न सकेँ भने बल्ल मलाई च्याप्पु हुनेछ ।सभापति/अध्यक्ष, (बा, दाजु, भाउजु) मेरो राजनीतिक अनुभव समेतलाई विचार गरी मलाई बिश्वास छ तपाईको पाटीले अवश्य स्थान दिनेछ ।

अन्त्यमा, मैले काकाको मुखतिर पुलुक्क हेर्दै भने- काका यो निवेदन अब कहाँ कसलाई दिनुहुन्छ ,,,? राजनीतिक दलले आफ्नो ग्रिपमा राखेर विवेक शून्य बनाएर अब तपाईंलाई नि दास बनाउने भयो हैन,,,? काकाले लामो श्वास तान्नु भयो, माथि डाँडाको चारैतिर आँखा घुमाउनु भयो र भन्नु भयो- मुलुक नै यहि लयमा दौडेको छ त, म एक्लो स्वतन्त्र नागरिक बनेर समाजबाटै अलग हुन कसरी र कहिलेसम्म बस्न सक्छु र बाबु,,,? यो निवेदन चै पाटीका बा, दाजु, भाउजुलाई आफै भेटेरै दिन्छु । यति बिश्वास दिलाएपछि त एउटा न एउटा पाटीले कसो झोले नबनाउलान् त अन्तरे...? अब निवेदन बिट मार्देउ । झोले बन्ने निवेदन हातमा हल्लाउँदै काका मेरो आँखाबाट टाढा भए ।

निवेदक- आरुबोटे कान्छो पिपलटार गैरीगाउँ, नेपाल ।

धन्यवाद । *-हाल भद्रपुर-१० झापा*

## प्रेममा सजिलै 'डिबग' हुँदैन!


• विशाल रिमाल

त्यो सोमबार पनि अरू दिनझैँ थियो। टेक कम्पनीमा शनिबार र आइतबार बिदा हुने, दुई दिनको बिदापछि सधैँ जस्तै म ९ बजे अफिस पुगेँ। सधैँझैँ अफिस पुगेर आफ्नो स्पेस सेटअप गरेँ। म बानेश्वरस्थित टेक्स्पेश प्रालिमा सिनियर डेभ्लपरको रूपमा कार्यरत थिएँ।

एचआरद्वारा तीन जना नयाँ इन्टर्नहरू आजदेखि अफिसमा आबद्ध हुँदै गरेकाले मिटिङ रुममा परिचयात्मक कार्यक्रममा उपस्थित हुन निमन्त्रणा गरियो। सबै जना भेला भइसकेका थियौँ। म ल्यापटप हेर्दै बसिरहेको थिएँ। इन्टर्नहरूलाई रिसेप्सनबाट मिटिङ रुममा ल्याइयो। म अझै ल्यापटपमै केन्द्रित थिएँ किनभने इन्टर्नहरू आउने-जाने क्रम चलिरहन्थ्यो।

त्यसै क्रममा इन्टर्नहरूले परिचय दिन थाले। पहिलो र दोस्रोको पालो सकियो अनि तेस्रो केटी बोली, 'हाइ, आइ एम स्वान। मेरो घर पोखरा, मैले हालै पिएन क्याम्पस पोखराबाट बिएससी सिएसआइटी विषयमा ब्याचलर उत्तीर्ण गरेको छु।'

अघिसम्म ल्यापटपमा गहिरिएर बसेको म, त्यो आवाजले एकाएक झस्किएँ। त्यो आवाजले मेरा भूतपूर्व स्मृतिका सबै कमिट फाइल्स एकैचोटि अनलक गरिदियो। मेरो सिस्टमको क्याचमा उसको नाम पहिल्यै लोडेड थियो। एकैछिन उसैलाई हेरेँ। हो, त्यो स्वान नै थिई। मेरी स्वान।

एक समय थियो, जब हाम्रो दिनहरू प्रेमले भरिएका थिए। म र स्वान एउटै क्याम्पसका विद्यार्थी थियौँ, आइटी संकायमा। हाम्रो पहिलो भेट कलेज जीवनको दोस्रो वर्षतिर भयो। म बिरौटोमा बस्थेँ, ऊ रत्नचोक। कलेज आउँदा-जाँदाको क्रममा हाम्रो पहिलो भेट बसभित्र भयो। बिरौटोबाट बगरतर्फ जाँदै गरेको बस रत्न चोक पुग्दासम्म सबै सिट भरिइसकेको थियो। म बसेको सिट मात्र खाली थियो।

ऊ आएर सोधी, 'यहाँ बसौँ है?'

ओहो! कस्तो मिठो आवाज, कति शालीन केटी! म कसरी नाइँ भन्न सक्थेँ र? मैले मुस्कुराउँदै भनेँ, 'हुन्छ नि।'

दुवै जना केही समय चुपचाप थियौँ। त्यसपछि ऊ फेरि बोली, 'कहिलेकाहीँ त बस कत्ति प्याक हुन्छ है!'

मैले हाँस्दै भनेँ, 'कहिलेकाहीँ यस्तै हो।'

बस सिर्जना चोक पार गरिसकेको थियो, उसले फेरि सोधी- 'हजुर पनि पिएनमा पढ्नुहुन्छ?'

'हो,' मैले जवाफ दिएँ।

'कुन विषय?' उसले सोधी।

'बिएससी सिएसआइटी, अहिले पाँचौँ सेमेस्टर। अनि तिमी?'

'म पनि बिएससी सिएसआइटी, अहिले तेस्रो सेमेस्टर,' उसले भनी।

अब त क्याम्पस मात्र होइन, भवन पनि एउटै भयो। हामी सँगै कलेज गयौँ। उसको क्लास दोस्रो तलामा पर्थ्यो, मेरो तेस्रो तलामा। भोलिपल्ट पनि हामी बसमै भेट भयौँ, त्यो दिन हामी सामाजिक सञ्जालमा पनि जोडियौँ। त्यसपछि हाम्रो भौतिक भेट नभए पनि अनलाइन कुराकानी बाक्लिँदै गयो।

एक दिन मैले उसलाई कफी पिउन जान अफर गरेँ। उसले सहजै 'हुन्छ' भनी। हाम्रो पहिलो कफी डेट रत्न चोकको हिमालयन जाभामा भयो। उसले ब्ल्याक कफी अर्डर गरी, मैले क्यापाचिनो। कफीको चुस्कीसँगै हामीले एक-अर्काको धेरै कुरा गर्‍यौँ।

मलाई त्यो क्षण अत्यन्त आत्मीय लाग्यो। ऊ बोलिरहेकी हुन्थी, म सुनिरहन्थेँ। उसको आवाज र मुस्कानमा हराइरहन्थेँ। हिमालयन जाभाबाट सुरु भएको हाम्रो सम्बन्ध अझै प्रगाढ हुँदै गयो। ३ वटा पिरियड पढेर बाँकी २ पिरियड हाँपेर हामी क्याम्पस पछाडिको सेती नदी डिलतिर जान्थ्यौँ। त्यहाँ बसेर माया पिरतीका कुरा गरिन्थ्यो। लाज मानेर पनि हामी आफैँमा हराउँथ्यौँ। समय बितेको पत्तै हुन्थेन। क्याम्पस पछाडिको सेती नदी डिल, क्याम्पस गेटको नेवारी खाजा घर र नदीपुरको कटिङ टी हाम्रो माया मिसाउने जक्सन बन्न थाले। ती सबै ठाउँहरू हाम्रो प्रेमको साक्षी बने।

एक साँझ हामी फेवातालको किनारमै बसेका थियौँ, खुट्टा पानीमा डुबाएर। मैले उसको हात समाउँदै भनेँ, 'हेर न, हाम्रो सम्बन्ध पनि यो

❖ बाँकी तेस्रो पृष्ठमा

# चलचित्रमा मनोभावना समेट्ने निर्देशक आचार्य

• द्रोण अधिकारी गुहेँली

कोशी प्रदेशको राजधानी विराटनगर महानगरका स्थायी बासिन्दा विकासराज आचार्य चलचित्र विषय पढेर आएका नेपाली चलचित्रका लेखक तथा निर्देशक हुन् । प्रेम र मिलन केन्द्रीत चलचित्र निर्माण गर्ने आचार्य बालबालिकालाई मुख्य भूमिका दिने निर्देशक पनि हुन् । नाइ न भन्नु ल ६ सम्म निरन्तर आइपुग्दा आचार्यको निर्माण/निर्देशनमा तयार भएका सवै चलचित्रले प्रेमभावको नौलो स्वरूप स्थापित गरिदिएको छ। उनले नाइ न भन्नु ल को शृङ्खला बाहेक म तिम्रो भैसकेँ, नसिव आफ्नो, हजार जुनीसम्म, रिदम लगायत चलचित्र समेत निर्देशन गरिसकेका आचार्यले पछिल्लो एक वर्षयता चलचित्र निर्माण र निर्देशन रोकेर गृह नगर विराटनगरमै बसिरहेका छन् । यसको खास कारण हो अत्यन्तै सफल चलचित्र बनाएर नेपाली चलचित्र बजारमा ख्याति कमाइरहेका आचार्यले एकाएक असफलतासहित आलोचनाको भारी आक्रमण सहनु पर्यो । जुन अपजस छ, त्यसलाई सधैँका लागि अन्त्य गर्न दर्शकसित बसेर वास्तविक चाहना बुझ्ने उत्कण्ठाले आफ्नो गृहनगरमा बसिरहेका आचार्य २०८२ को असोजपछि चलचित्र निर्माणमा निस्कने बताउँछन् ।



चलचित्रमा नेपाली मौलिकता अनिवार्य ठान्ने आचार्य नेपाली कला र संस्कृति आफ्ना चलचित्रमा मनोरञ्जनसित ज्ञानका रूपमा समावेश गर्न सवल निर्देशक पनि हुन् । आचार्यका चलचित्रले साँगीतिक प्रेमकथालाई मर्मस्पर्शी रूपमा उठान गर्ने गरेका छन् । युवा पुस्ता लक्षित चलचित्र जस्तो लाग्ने आचार्यका चलचित्र सवै वर्गका लागि उत्तिकै सान्दर्भिक हुने गरेका छन् । सन् २००४ बाट चलचित्र जगतमा लेखकका रूपमा प्रवेश गरेका आचार्यका सफल रूपमा दुई दर्जन बढी नेपाली चलचित्र बजारमा आइसकेका छन् । उनी लेखकका रूपमा जति चर्चित र स्थापित छन् त्योभन्दा बढी निर्माण र निर्देशकमा पहिचान कायम गरिरहेका व्यक्ति हुन् ।

सम्मान तथा पुरस्कारका रूपमा आचार्यले एनएफडिसी अवार्ड २०७० मा उत्कृष्ट व्यवसायिक चलचित्र तथा उत्कृष्ट निर्देशक नाई न भन्नु ल २, उत्कृष्ट पटकथा रिदम, डिसिने अवार्ड २०७० मा उत्कृष्ट निर्देशक अवार्ड रिदम, नेशनल फिल्म अवार्ड २०६६ मा उत्कृष्ट पटकथा लेखक सम्मान हाँसिदेऊ एकफेर, डिसिने अवार्ड २०६७ मा उत्कृष्ट पटकथा लेखक सम्मान आफ्नो मान्छे आफ्नै हुन्छ, बक्स अफिस अवार्ड २०१४ मा उत्कृष्ट लेखक तथा निर्देशक सम्मान, आफ्नो मान्छे आफ्नै हुन्छ र कहाँ भेटिएला चलचित्रका लागि सन् २०१० मा उत्कृष्ट कथा, पटकथा र सम्वाद बक्स अफिस अवार्ड प्राप्त गरिसकेका छन् ।
फरक शैलीमा प्रेम र सदभावलाई कथानक बनाएर नाइ न भन्नु ल चलचित्रको सफल शृङ्खला निर्माण गरिरहेका आचार्यले छैटौं शृङ्खलामा आइपुगेपछि असफलता व्यहोर्नु पर्यो । यस असफलतालाई आलोचकहरूले दर्शकको मनोभावना विपरित जवरजस्ती बुनिएको कथाभित्र निर्मित चलचित्र भएको आरोप लगाएपछि गहन सोच्न बाध्य भएका आचार्यले वास्तविक तथ्य बुझ्न संघीय राजधानी छोडेर प्रदेश तथा मोफसलमा रहेका नेपाली चलचित्रका दर्शकको चाहना बुझ्ने काम गरिरहेका छन् । केही महिनायता अनुसन्धानमै रहेका आचार्यले बुझेअनुसार पछिल्लो समय नेपाली तथा अन्य देशका चलचित्रको बजार ओरालो गतिमा छ । कारण विश्व समाजमै विभिन्न युद्धकालीन प्रभाव रहेकाले मनोरञ्जन कमजोर र आक्रोश बढिरहेका कारण चलचित्रहरू अझै केही समय चल्ने वातावरण बन्ने छैन । लगभग एक वर्ष नेपाली चलचित्रको बजार समेत सहज बन्न नसक्ने अनुमानमा रहेका आचार्यले आगामी कार्तिकपछाडि दर्शकको मनोभावना अनुकूलको चलचित्र निर्माण गर्ने सोच पालेका छन् ।
विकासराज आचार्यको पहिचान 'नाई न भन्नु ल' सिरिजका निर्देशकका रूपमा स्थापित थियो । उनी सेन्टिमेन्टल भावको चलचित्र बनाएर दर्शकलाई रूवाउने निर्देशकका रुपमा समेत चिनिन्छन् । त्यसैले होला चलचित्र हेरेर निस्कने गरेका अधिकांश महिला दर्शकहरुका आँखा रसाएकै हुन्थे । तर बिचमा भने विकासले चलचित्र 'हजार जुनीसम्म'मा कथ्य शैली नै परिवर्तन गरेर आउँदा उनको निर्देशकीय क्षमता अझ प्रशंसा बटुल्न सफल भयो ।

आफूले निर्माण/निर्देशन गर्ने पछिल्लो चलचित्रका लागि लेखनमा जुटिरहेका आचार्यले वर्तमान राजनीति र परम्परागत मानवीय चेतभित्र रहेको प्रेमिल भाव बिचमा रहेको प्रेम नै वास्तविक कथा बन्न सक्ने संकेत समेत गरेका छन् । उनले बनाउने चलचित्रमा प्रेमको नौलो परिभाषा गाँसिने गरेको तथ्यलाई मात्र स्वीकार गर्ने हो भने अब बन्ने चलचित्रमा पनि कुनै न कुनै रूपमा प्रेमको परिभाषा खोज्ने प्रयास हुन्छ नै भन्ने अनुमान गर्न सकिन्छ । यस अनुमानलाई प्रश्नका रूपमा राख्दा आचार्य अस्वीकार त गर्दैनन् तर विगतभन्दा निकै फरक धार लिएर अबको चलचित्र बजारमा आउनेमा विश्वास गर्न अनुरोध गर्छन् । चलचित्रको रङ्गीन दुनियामा रमाइरहेका आचार्य एक वर्षयता सादा जीवन बोकेर भोलिको सुन्दर तथा रङ्गीन चलचित्र बजार खोजिरहेका छन् ।

## प्रेममा...

तालको गहिराइभन्दा कम छैन है?'

उसले हल्का मुस्कान दिई तर केही बोलिन। उसको त्यो मौनताले मलाई अलिकति निराश बनायो। मैले फेरि सोधेँ- 'के सोच्दै छौ?'

ऊ बिस्तारै तालतर्फ हेर्दै बोली, 'कहिलेकाहीँ डर लाग्छ यदि हामी यत्तिकै गहिराइमा रमाउन थाल्यौँ भने कतै डुब्छौँ कि।'

मैले उसको हात समातेर भनेँ, 'डुबेछौँ भने पनि सँगै डुबौँला नि एक्लै होइन।'

त्यो बेला उसले गहिरो नजरले मलाई हेरी, केही नबोली टाउको मेरो धाकमा अड्याई। ताल किनारको चिसो हावाले झन् हाम्रो दूरीलाई नजिक ल्याउँदै थियो। अस्ताउन लागेको घामको छायालेताललाई छोप्दै गर्दा ऊ मेरो काँधमा निदाएकी थिई, म चुपचाप उसको कपालमा हात सुमसुम्याउँदै थिएँ। त्यो पल शान्त थियो तर मनभित्र थोरै तुफानहरू थिए।

ती दिनहरूमा कोडसँगै कफी पनि कोडको भाग जस्तै बनिसकेको थियो। हामीले सँगै गरेको डिबगिङ नै जीवन जस्तो भयो। उसले 'युआई' बनाउँथी, म लोजिक। उसले कलर कम्बिनेसन मिलाउँथी, म 'फङ्सनालिटी'। हामी एउटै प्रोजेक्ट जस्तै थियौँ। साँझमा सराङकोटको गोल्डेन आवर सँगै हामी घाम अस्ताउने क्षणमा एकअर्कालाई हेर्दै बस्थ्यौँ।

म फोटो खिच्न खोज्थेँ, उसले भने 'क्यामेराभन्दा पनि अहिलेको पल महसुस गर न' भन्दै मलाई सम्झाउँथी। ती पलहरूमा ऊ मलाई यति नजिक लाग्थी, मानौँ समय नै रोकिएको जस्तो। हामीले पोखराको कुनै ठाउँ बाँकी राखेनौँ, जताततै घुम्यौँ, एउटा ठाउँ खास थियो हिमालयन जाभा रत्न चोक। त्यो हाम्रो भावनात्मक केन्द्र थियो। उही टेबल, उही कफी, उसको ब्ल्याक अनि मेरो क्यापाचिनो।

एक दिन कलेजमा कार्यक्रम थियो। हामी दुवैको १ पिरियडभन्दा भएन। उसलाई फोन गरेँ, 'आज भीडभन्दा टाढा, कतै शान्त ठाउँ जाऊँ न।'

ऊ खुसी हुँदै भनी, 'पुम्दीकोट जाऊँ है, मन शिवजीतिर तानिएको छ।'

क्याम्पस गेटबाट हामी बाइकमा निस्क्यौँ। उसले हात मेरो कम्मरमा राखी, सुगन्ध उसैको, समय पनि त्यही हराइरहेको थियो। शिवजीको मूर्ति अगाडि पुग्दा ऊ केही क्षण मौन भएर आँखा चिम्लेर प्रार्थना गर्न थाली। म चुपचाप उसको अनुहार हेरिरहेको थिएँ, जहाँ गहिरो माया र एक किसिमको शान्ति देखिन्थ्यो।

मैले जिस्कँदै सोधेँ, 'के माग्दै छ्यौ यति भावुक भएर?'

ऊ हाँस्दै भनी, 'हाम्रो माया सधैँ आज जस्तै रहोस् भनेर।'

मैले हाँस्दै भनेँ, 'शिवजीसँग म धेरै रिसाउँछु, साना-साना कुरामा झगडा गर्छु, यो बानी हटाइदिनु न भनेर किन नमागेको नि।'

ऊ चुप लागी अनि हल्का मुख खुम्चाएर भनी, 'रिसाउँछु, झगडा गर्छु तर फर्किन जान्छु, तिमी छौ भनेर त रिसाउँछु नि, तिमीले फकाउँछौ भनेर त हो। तर तिमी फकाउन नआएर टाढा भयौ भने, म त आफैँलाई रोक्न सक्दिनँ।'

त्यो एक वाक्यमा रिस, भरोसा र अव्यक्त माया लुकेको थियो। मैले उसको हात समाएँ। शिवजीको मौन मूर्ति साक्षी थियो, हामी शब्द बिना नै एकअर्कासँग गहिरिँदै थियौँ। त्यो दिन पुम्दीकोट हाम्रो प्रेमको अर्को अध्याय बनेको थियो, शान्त, गहिरो र अविस्मरणीय।

समय राम्रै चलिरहेको थियो। कलेजभित्र अनि बाहिर धेरै आइटी सम्बन्धी कार्यक्रम हामीले सँगै सहभागी जनाउँथ्यौँ तर कहिलेकाहीँ फ्रेमवर्क मिसम्याच हुन्छ, त्यस्तै हाम्रो सम्बन्धमा पनि 'टाइमिङ कन्फ्लिक्ट' आयो। उसले समर्पणको कुरा उठाउँथी, म करियरको। म भविष्य सुरक्षित गर्न चाहन्थेँ, ऊ वर्तमान सम्हाल्न। जब प्रोजेक्ट चित्त बुझ्दैन, तब त्यहाँको डिजाइन दोष लगाइन्छ। यही दोषको खेलले 'कोडिङ' रोकायो अनि हाम्रो सम्बन्ध पनि।

धेरै दिन भइसकेको थियो राम्रोसँग कुराकानी नभएको। मेरो ब्याज र कलेजको अन्तिम सेमेस्टरको नि अन्तिम महिना चलिरहेको थियो। उसले फोन गरी, उठाएँ।

ऊ बोली- 'बसुन्धारा पार्क आउनु न, यो हाम्रो सम्बन्धको अन्तिम भेट हुनेछ।'

म झस्किएँ। उसले फोनमा भनेको कुरा सम्झँदै म बसुन्धारा पार्क पुगेँ। ऊ त्यहाँ आइसकेकी थिई। थोरै अघि तालको छेउमा गयौँ। स्वान एकोहोरो बोलिरहेकी थिई। म त्यही तालको छालमा हामीले सँगै बिताएका पल, सपनाहरू सम्झँदै हराइरहेको थिएँ। आँखाभरि आँसु भए पनि उसको अगाडि ठिक भएको देखाउँथेँ।

त्यो दिन ऊ गई, एक पटक पनि फर्केर हेरिन। मन भारी बनाएर रुम फर्किँदै थिएँ। बैदाम चौकी र जिल्ला अदालत अगाडि आउँदा उसको दिलको हिरासत भित्र एउटा फैसला नहुन्जेल आजसम्म म्याद थप्दै राखेकी रहेछन् भन्ने लाग्यो। त्यो रात खाना बनाउन मन लागेन। त्यही बिच मोबाइलमा नोटिफिकेसन बज्यो। हेरेँ, मेल आएको रहेछ स्वानबाट। ओपन गरेँ।

'तिमीले दिएको माया, समय र निःस्वार्थ समर्पण म सधैँ कदर गर्छु। त्यो हरेक पल साँचो थियो, झूट होइन। तर कहिलेकाहीँ जीवनले हामीलाई त्यो बाटोमा लैजान्छ जहाँ भावना र यथार्थ एकै हुँदैनन्। मैले आफैलाई पनि बुझ्न नसकेका धेरै कुरा छन् र त्यो द्विविधामा म गलत निर्णयहरूमा पुगेँ। त्यसले तिमीलाई तोड्यो भन्ने म जान्दछु। त्योभन्दा पहिले म आफूलाई हराएको महसुस गरिरहेकी थिएँ र तिमीले दिएको प्रेमप्रति पूर्ण कदर गर्न नसकेको महसुस भइरहेको छ। तिमीले भनेजस्तै; माया केवल शब्द होइन, त्यसमा लडाइँ, समर्पण र निरन्तरता चाहिन्छ। तिमी लड्दै थियौँ, म भित्रभित्रै पछि हट्दै थिएँ, जुन अनुचित थियो।

म तिमीलाई फेरि पर्खन भन्दिनँ। म तिमीलाई बाँध्न पनि चाहन्नँ। तर एउटा कुरा चाहिँ भन्छु- जुन शक्ति, इमानदारी र आत्मसम्मान तिमीले देखायौ, त्यो दुर्लभ छ। भविष्यमा जहाँ पुग्दछौ, त्यो आत्मा कहिल्यै नहराओस्। जीवनले दुवैलाई सिकाइरहेको छ। म पनि आफैलाई बुझ्न सिक्दै छु, सुधार्दै छु। सायद एक दिन फेरि बाटो जुरोस्, फरक मानिस भएर। त्यति बेला म खुसी हुनेछु, तिमीलाई अघि बढेको र सम्पूर्ण भएको देखेर।

शुभकामना, सदैव।'

आँखाबाट आँसु झरेको पत्तो पाइनँ। मन भारी भयो। झ्याल बाहिर पानी परिरहेको थियो, जस्तो मेरो मन। मेल पठाएपछि उसले जहाँतहीँ ब्लक गरिछे। म त्यही मेल हेरेर आफैँमा हराएँ। भएको के हो मैले मेसो पाइनँ।

ब्याचलर सकिएपछि म काठमाडौँ आएँ। नयाँ सहर, नयाँ सपना। कलंकीमा डेरा गरेर बस्न थालेँ। एक्लो लाग्थ्यो तर कोडिङमा जिउन सिकेँ। फ्लटर, रिएक्ट, फायर बेस, साइबर सेक्युरिटी जुनसुकै क्षेत्रमा आफूलाई अपडेट गर्न थालेँ।

हामीले सँगै बनाएको एउटा टु-डु एप थियो। म 'ब्याकेएण्ड' ऊ 'फ्रन्टएण्ड'। कहिलेकाहीँ त्यो कोड खोल्थेँ, देखिन्थ्यो
'विशाल सर! हेल्लो विशाल सर!'

आडमै बस्नुभएको सुनिल सरले मेरो काँधमा हातले झकझकाए, म बिउँझिए। म त पूरै विगतमा हराइरहेको रहेछु! सबै जना मिटिङ रुमबाट बाहिर निस्किरहेका थिए। इन्टर्नका लागि आएका पनि निस्किसकेका थिए।

'अनि विशाल सर, एचआरले एक जना इन्टर्न गर्न आएकी बहिनीलाई तपाईंको प्रोजेक्टमा र एक जनालाई मेरो प्रोजेक्टमा असाइन गर्दिनु भएको छ, आफ्नो प्रोजेक्टमा सँगै राख्ने रे।'

'ए हो र! को रहेछ मेरोमा?' मैले सोधेँ।

स्वान पोखराबाट आएकी बहिनी हुन् सायद,' म फेरि हराउन थालेँ। यो कस्तो संयोग!

हामी एउटै प्रोजेक्टमा असाइन भयौँ– स्मार्ट ट्राभल प्लानर। ऊ फ्रन्टएण्ड गर्थी रिएक्टमा, म ब्याकेएण्ड गर्थे नोड.जेएस र फायरबेसमा। हामी सँगै काम गर्थ्यौँ तर सन्नाटा थियो। कहिलेकाहीँ कोड कन्फ्लिक्ट हुन्थ्यो तर हामी मर्ज गर्थ्यौँ। गिटमा कन्फ्लिक्ट रिसोल्व जस्तै हाम्रो दूरी मर्ज हुँदै थियो।

त्यसको ३-४ दिनपछि अफिस सकिनै लाग्दा ऊ बोली- 'विशाल सर, क्यान वि गो फर कफी टुँडे?'
मैले उसको आवाजमा केही फरक पाएँ, व्यावसायिकता धेरै तर उस्तै मिठास र शालीनता।

हुन्छ भनेँ अनि अफिसबाट सँगै निस्क्यौँ। उसलाई बाइक पछाडि बस्न आग्रह गरेँ र सोधेँ, 'कहाँ जाने?'

उसले भनी, ' हिमालयन जाभा कलंकी।'

फेरि उही नाम तर फरक सहर अनि फरक सम्बन्ध। तर मान्छे उही। उसले उही ब्ल्याक कफी मगाइन् अनि मलाई क्यापाचिनो अर्डर गरिदिइन्।

कफीको पहिलो चुस्की लादै ऊ बोली, 'पछिल्लो एक वर्ष कस्तो बित्यो?'

'डिबग गर्दै बित्यो,' मैले भनेँ, 'तर तिमी नै नल पोइन्टर बनिरह्यौ।'

ऊ हाँसी। त्यो हाँसो पहिले जस्तो चर्को थिएन तर गहिरो थियो। कफीको त्यो चुस्कीभन्दा पनि ती शब्द गहिरा थिए।

उनी पनि कलंकीमै बस्ने रहेछिन् दिदीसँग। त्यस दिनदेखि हामी सँगै अफिस जाने आउने गर्यौँ। दिन कोडले भरिए, साँझ सम्झनाले। हामीबिच अझै सन्नाटा थियो। प्रोजेक्ट सकियो, स्मार्ट ट्राभल प्लानर बनायौँ। अफिसमा सोकेस गर्ने दिन आयो। त्यसको 'डोमे'मा एआई आधारित स्थान सिफारिसकर्ता थियो जसले प्रयोगकर्ताको स्मृति/तस्बिरबाट विगतका स्थान सिफारिस गर्थ्यो।
जब स्क्रिनमा रिकमेन्डेसन आउँथ्यो 'क्याम्पस सेती भ्यु पोइन्ट, फुट ट्र्याक लेकसाइड, हिमालयन जाभा रत्नचोक, सराङकोट भ्यु पोइन्ट' अफिसका सबै साथीहरूले ताली बजाइरहेका थिए तर स्वान मेरो आँखाबाट आँसु लुकाउँदै थिई। त्यो सोकेसले हाम्रा भावनाहरू देखाइरहेको थियो।
सोकेसपछि साँझ हामी दुवैले थकित मुहारमा मुस्कान बोकेर फेरि क्याफे गयौँ। ऊ एकछिन चुप बसी अनि बोली- 'लाइफमा कमिट गर्दा केही लाइन छुटेछन्, आज लाग्यो ती फेरि एड गर्नुपर्छ।'

उसको त्यो वाक्यपछि म चुपचाप रहेँ। कप खाली थियो, मन भरिएको। बिना शब्द उसलाई बाइकमा ड्रप गरेँ र अन्तिम मोडमा सोचेँ, सायद कमिट फेरि हुनेछ तर यसपालि कन्फ्लिक्ट 'रिसोल्व' भएर!

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

वृष: महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन: आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

कर्कट: नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

सिंह: आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

कन्या: मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

तुला: आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

वृश्चिक: सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

धनु: आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

मकर: घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

कुम्भ: राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

मिन: परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।